मितिः २०८१।९।२६ गते, समयः ११:०० बजे दिनको , बैठक संख्याः ८

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २:** स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकनको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।

**निर्णय:** स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ को व्यवस्था अनुसार गत आव २०८०।०८१ को नतिजा सार्वजनिक गर्ने ।

**प्रस्ताव नं. ३:** USAID Direct Funding Project (G2G), Agriculture Consulting (Junior Technical Assistant) भर्ना सम्बन्धमा ।

**निर्णय:** USAID Direct Funding Project (G2G), Agriculture Consulting (Junior Technical Assistant) भर्ना सम्बन्धमा कार्यालयबाट सूचना प्रकाशन भएकोमा सो पदपूर्तिका लागि प्रस्तावमा पेश भए अनुरुपको मापदण्ड स्विकृत गर्ने ।

**प्रस्ताव नं. ४:** सेवामा छंदै मृत्यु भएको कर्मचारीलाई सुविधा प्रदान गर्ने ।

**निर्णय:** साविक जिल्ला विकास समितिको कार्यालय डडेल्धुराबाट यस नगरपालिकामा खटिइ आएका सहायक पांचौं खगेन्द्र राज पन्त वडा नं १ को वडा सचिवमा कार्यरत रहंदा मिति २०८०।५।२५ गते मोटरसाइकल दुर्घटनामा परि मृत्यु भएकोले स्थानीय स्वायत्त शासन नियमावलि २०५६ को नियम २६४ग अनुसार र नेपाल सरकार मन्त्रीषरिषद्को मिति २०७५।५।२ को निर्णय अनुसार सुविधा प्रदान गर्नु पर्ने भएकाले प्रस्तावमा लेखिए बमोजिम निजका परिवारलाई सुविधा उपलब्ध गराउने ।

**प्रस्ताव नं. ५:** पदभार रहंदा मृत्यु भएको जन प्रतिनिधिलाई सुविधा प्रदान गर्ने ।

**निर्णय:** यस नगरपालिका वडा नं ८ का वडा सदस्य दानी दमाईको मिति २०८१।५।३० गते मृत्यू भएको हुंदा निजका परिवारलाई काजक्रिया वापत रु ५० हजार उपलब्ध गराउने ।